annapurnapost.com
# अन्नपूर्ण पोस्ट


वर्ष २४, अंक ११५ पृष्ठ ८ | काठमाडौं, शुक्रबार ६ भदौ २०८२ | भाद्र कृष्णपक्ष चतुर्दशी नेपाल संवत् ११४५ | FRIDAY, AUGUST 22, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# महिला घरेलु कामदार रोक्ने नाममा विभेद र अन्याय

सरकारले घरेलु कामदार महिलालाई वैदेशिक रोजगारीमा प्रतिबन्ध लगाएको एक दशक नाघिसक्यो । तर, मुलुकभित्रै रोजगारीको अभाव र कम ज्यालाका कारण बर्सेनि हजारौं महिला अवैध बाटोबाट बिदेसिने गरेका छन् । यसरी जाने महिलाहरू बेचबिखन र तस्करीमा पर्ने गरेका छन् । पाइलैपिच्छे दुःख र कष्ट बेहोरिरहेका छन् । बरु, रोजगारदाता मुलुकहरूसँग द्वीपक्षीय सम्झौता गर्दै उनीहरूको हक, अधिकारको संरक्षण गरेर वैधबाटोबाटै वैदेशिक रोजगारीमा पठाउनुपर्ने विज्ञहरूको भनाइ छ ।

समाचार पृष्ठ २



## बाध्यतावस अवैध बाटोबाट मानव तस्करी

**प्रतीक घिमिरे** | *काठमाडौं*

– को रिपोर्ट

पाँच वर्षमा लिएका महिला श्रम स्विकृति

| | २०८१/८२ | २०८०/८१ | २०७९/८० | २०७८/७९ | २०७७/७८ |
|---|---|---|---|---|---|
| बहराइन | १,०९६ | ६९२ | ७६३ | ६३८ | १७४ |
| कुवेत | ८,५७५ | ८,१९५ | ९,४९४ | ३,७३२ | ० |
| ओमान | १,३३१ | ९६३ | ९२२ | ६२२ | १५५ |
| कतार | ६,११२ | ६,९०३ | ४,२११ | ४,३४८ | १,०५४ |
| साउदी अरब | ११९ | २७७ | १६३ | २०८ | ८५ |
| यूएई | ११,७२१ | १७,३७२ | १५,३०१ | १२,११८ | २,३५२ |

*स्रोत : वैदेशिक रोजगार विभाग*

## टीपीएसमा रहेका ७००० नेपाली निष्कासनमा पर्ने सम्भावना




**सुरज भण्डारी** | *अमेरिका*

राष्ट्रपति डोनाल्ड जे ट्रम्प नेतृत्वको अमेरिकाको संघीय प्रशासनलाई अस्थायी संरक्षित स्थितिमा (टेम्पोररी प्रोटेक्टेड स्टाटस) रहेकाहरूलाई अमेरिकाबाट निष्कासन गर्नका लागि बाटो खुलेको छ। बुधबार क्यालिफोर्नियाको सानफ्रान्सिस्कोमा रहेको नवौं संघीय पुनरावेदन (सर्किट) अदालतले ट्रम्प प्रशासनको पक्षमा आदेश दिएसँगै निष्कासनको बाटो खुलेको हो। यो आदेशसँगै टीपीएसमा रहेका झन्डै ७ हजार नेपाली निष्कासन सूचीमा पर्ने भएका छन्। नेपालका साथै मध्य अमेरिकी देश होन्डुरस र निकारागुवाका पनि निष्कासनको सूचीमा परेका छन्।

अगस्त ५ मै नेपाललाई दिँदै आएको टीपीएस सुविधा खारेज भएको थियो। होन्डुरस र निकारागुवाको भने सेप्टेम्बर ८ सम्म रहेको थियो। टीपीएस समाप्त गर्ने ट्रम्प प्रशासनको निर्णयसँगै नेपाल, होन्डुरस र निकारागुवाका नागरिकलाई दिँदै आएको टीपीएस खारेज नगरी निरन्तरता दिनका लागि अपिलसहित क्यालिफोर्निया सानफ्रान्सिस्कोको तल्लो अदालतमा मुद्दा परेको थियो। सो मुद्दामा फैसला गर्दै अदालतले नोभेम्बर १८ सम्म टीपीएस समाप्त पार्ने निर्णय कार्यान्वयन नगर्न आदेश दिएको थियो। सान फ्रान्सिस्कोमा अमेरिकी जिल्ला न्यायाधीश त्रिना एल. थम्पसनले मुद्दा अगाडि बढ्दै जाँदा सुरक्षाहरूलाई यथावत् राखिन्। अर्को सुनुवाइ नोभेम्बर १८ मा हुनेछ भनी आदेश दिएकी थिइन्। जसले नेपालका करिब ७ हजारसहित निकारागुवाका ३ हजार र होन्डुरसका ५१ हजार टीपीएसधारीलाई राहत मिलेको थियो। तर तल्लो अदालतको आदेशमाथि ट्रम्प प्रशासनको तर्फबाट होमल्यान्ड सेक्रेटरी क्रिस्टी नोयम (गृहमन्त्री) ले पुनरावेदन हालेकी थिइन्।

» बाँकी पृष्ठ ६

# २०६६ सालको विशेष सुरक्षा योजना : ‘गैरकानुनी हत्याको छानबिन गर्नू’

**दिनेश गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतले १६ वर्षअघि तराईमा भएको गैरकानुनी हत्याका दोषीलाई उन्मुक्ति दिन नमिल्ने फैसला गर्दै विशेष अनुसन्धान टोली गठन गरेर वा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोबाट अविलम्ब अनुसन्धान गर्न सरकारलाई परमादेश दिएको छ।

न्यायाधीशद्वय ईश्वर खतिवडा र कुमार रेग्मीको संयुक्त इजलासले यस्तो फैसला गरेको हो। २०७६ पुस २१ गते भएको फैसलामा न्यायाधीश रेग्मीले केही थप गरेको विषयमा सर्वोच्च प्रशासनले राय बाँझिएको उल्लेख गर्दै पूर्ण इजलासमा पठाइएको थियो। बिहीबार सर्वोच्चका न्यायाधीशत्रय सपना प्रधान मल्ल, कुमार रेग्मी र हरिप्रसाद फुयालको पूर्ण इजलासले सोही फैसलालाई सदर गरेको हो। ‘पूर्ण इजलासबाट पूर्ववत् फैसला कार्यान्वयन गर्नू र अहिलेको लगत कट्टा गर्नू भन्ने आदेश भएको छ,’ रिट निवेदक डा. सुनील रञ्जन सिंहले भने, ‘पूर्ण इजलासको आदेशसँग गैरन्यायिक हत्याका घटना अनुसन्धान अघि बढ्ने बाटो खुलेको छ।’ सर्वोच्चले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयको नाममा




परमादेश जारी गरेको छ। ‘अनावश्यक प्रयोग गरेर व्यक्तिको हत्या गरिएमा, त्यसलाई राष्ट्रिय कानुनले नै अपराध मानेको छ र यस्तो गैरकानुनी हत्याका दोषीलाई उन्मुक्ति दिन मिल्दैन,’ परमादेशमा भनिएको छ, ‘व्यक्तिहत्याका विषयमा परेका उजुरीहरूका सम्बन्धमा तदारुकताकासाथ निष्पक्ष, प्रभावकारी र विश्वसनीय अनुसन्धान गर्न विशेष अनुसन्धान टोली गठन गरी वा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोबाट अविलम्ब अनुसन्धान गर्ने सम्बन्धमा आवश्यक निर्णय गरी अनुसन्धान गर्नु,गराउनू।’ संयुक्त राष्ट्र संघीय उच्चायुक्तको कार्यालय नेपाल (ओएचसीएचआर) ले २०६७ साल असार महिनामा तराईमा गैरन्यायिक हत्याका आरोपको अनुसन्धानसम्बन्धी प्रतिवेदन सार्वजनिक गरेको थियो। सरकार र संयुक्त राष्ट्रसंघबीच सम्झौता भई नेपालको मानव अधिकारको स्थितिको अनुगमन र अनुसन्धान गर्ने प्रयोजनका निम्ति स्थापित उच्च आयुक्तको कार्यालयले मानव अधिकारसम्बन्धी क्षेत्रमा अन्य कामहरू गर्दै आएको छ। यो अवधिमा ५७ जनाको हत्या भएको प्रतिवेदनमा उल्लेख छ।

२०६६ साउन १४ गते तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको मन्त्रिपरिषद्को बैठकले विशेष सुरक्षा नीति पारित गरी तराईमा विशेष सुरक्षा योजना लागू गरेको थियो। गृहमन्त्री भीम रावलको पालामा योजना लागू भएको थियो। राज्यले गैरकानुनी हत्याको छानबिन गर्नुपर्दछ र कसको जिम्मेवारी हो ? त्यसको दायित्व सिर्जना गरी सजाय सहितको उपचारको व्यवस्था गर्नुपर्ने फैसलामा उल्लेख छ।

‘जब प्रहरी प्रशासनलाई गैरकानुनी हत्याका बारेमा थाहा हुन्छ उसले छिटो, प्रभावकारी, निष्पक्ष र पारदर्शी अनुसन्धान गर्नुपर्दछ। प्रत्येक सभ्य राष्ट्रले यो दायित्व लिएको हुनै पर्दछ। यो दायित्वले व्यावहारिक रूपमा व्यक्तिको बाँच्न पाउने अधिकारको सम्मान र संरक्षण गर्न राज्यलाई कर्तव्य प्रदान गर्दै जवाफदेहिता अभिवृद्धि गर्दछ,’ फैसलामा भनिएको छ, ‘प्रत्येक सभ्य राष्ट्रमा व्यक्तिको बाँच्न पाउने हकजस्तो सारवान अधिकार हनन भएकोमा उपचार उपलब्ध हुनै पर्दछ।

प्रत्येक व्यक्तिको अमूल्य जीवनको अन्त्य हत्या जस्तो जघन्यकृत्यबाट हुँदा राज्य गुमनाम बस्न सक्दैन। प्रत्येक व्यक्तिप्रति राज्यको समान दायित्व हुन्छ, कुनै जीवन ठूलो वा महत्वपूर्ण र कुनै जीवन सानो र मूल्यहिन हुन सक्दैन। पर्याप्त छानबिन नगरी उपचारविहीन अवस्थामा कुनै पनि नाम र वहानामा व्यक्तिको जीवन समाप्त गर्न कसैले सक्दैन।

## बोइङले चीनलाई ५०० विमान बेच्ने

**न्युयोर्क** (एजेन्सी): अमेरिकी उड्डयन कम्पनी बोइङले चिनियाँ कम्पनीलाई ५ सयभन्दा बढी विमान बिक्री गर्न वार्ता गरिरहेको ब्लुमबर्ग न्यूजले जनाएको छ।

यो सम्झौता विश्वव्यापी आर्थिक संकटबीच संघर्षरत अमेरिकी निर्माताको लागि एक ठूलो जित हुनेछ। सम्झौतासँगै कम्पनीको सेयर प्रि-मार्केट ट्रेडमा ३.७ प्रतिशतसम्म बढेको छ, तर मंगलबारको सत्रको लगभग १५ मिनेटभित्र एक प्रतिशतभन्दा कम वृद्धि हुनेछ।

ब्लुमबर्गका स्रोतका अनुसार यो सम्झौता वासिङ्टन र बेइजिङबीच जारी व्यापार युद्धमा दीर्घकालीन सम्झौतामा निर्भर रहनेछ। ब्लुमबर्गका अनुसार बोइङ सम्झौता सम्भवत: अमेरिका-चीन व्यापार सम्झौताको एक प्रमुख पक्ष हुनेछ, जसको स्रोतहरूले चिनियाँ अधिकारीहरूले उनीहरूलाई कति विमानहरू आवश्यक पर्दछ भनेर आन्तरिक एयरलाइन्सहरूको सर्वेक्षण सुरु गरेको बताएका छन्। गत जनवरीमा पदभार ग्रहण गरेदेखि नै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी व्यापार घाटालाई सम्बोधन गर्न विश्वका व्यापारिक साझेदारहरूलाई नयाँ कर लगाएका छन्। अमेरिकाको सबैभन्दा ठूलो उत्पादन निर्यातक कम्पनी बोइङबाट विमान खरिद गर्दा ट्रम्पको व्यापार नीतिका कारण देखिएको असन्तुलनलाई कम गर्नेछ।

# अनि उठ्यो ‘जुरुक्कै कर्नाली’

**गोपीकृष्ण ढुंगाना** | *काठमाडौं*

*झर्‍यो टोपी भुइँमा हजुर निहुँरिँदा शिर*
*कहाँ सुनाउँ कसलाई सुनाउँ कर्नालीको पिर*
*कर्नालीको पिरले हजुर मन रुन्छ पिरले...।*

‘जदौ हजुर’ नामक ब्याण्डले अभिनयसहित प्रस्तुत गरेको यो गीतले सबैलाई भावुक बनायो। नेपाल प्रज्ञा प्रतिष्ठानको बृहद् सभाहलमा अटाइनअटाइ देखिएका दर्शकका आँखा रसाए। ५ महिना, ५ गते, ५ बार र ५ बजे आयोजना गरेको सिस्नोपानी नेपालको ‘जुरुक्क कर्नाली’ कार्यक्रममा लगत्तै अर्को गीत बज्यो, ‘... जुरुक्क उठ्छ कर्नाली...’, जसमा वरिष्ठ कलाकार मिथिला शर्मा लगायतका कलाकारले उस्तै अभिनय गरे, ‘मान्ठ हुँ म मान्ठ हुँ म मान्ठ जुर्मुराउँछ...।’

‘जुरुक्क कर्नाली’ कार्यक्रमको नारा थियो, ‘यता हेर्‍यो यतै स्वर्ग, उतै स्वर्ग जस्तो। कहिले लाग्ला कर्नालीलाई देशमै छु म जस्तो॥’ प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आथित्यमा भएको सिस्नुपानीको यो कार्यक्रमले मन्त्रीहरू, सांसदहरू, नेतृत्वमा बस्नेहरू, नेताहरू, उच्चपदस्थ



कर्मचारीहरू, सबै क्षेत्रबाट प्रतिनिधित्व गर्नेहरू, सातै प्रदेश र ७५३ वटै पालिकाबाट आउने बुद्धिजीविहरू आदि सबैलाई एकपटक सुदूर पश्चिममा रहेको ‘कर्नाली’बारे सोच्न बाध्य बनायो।

‘देखेको कर्नाली के हो ? , खोजेको कर्नाली के हो ?’ भन्दै कार्यक्रम प्रस्तोताले बोलाए माधव चौलागाईंलाई। उनले कर्नालीको वृत्तान्त बताए : आजको कर्नाली हिजोको कर्नाली होइन, बचेको अवशेषमात्र हो। रुख देखिन्छ जसरी जरा देखिँदैन, त्यसरी देखिन्छ नेपाल तर देखिँदैन कर्नाली। स्वर्ण युगबाट कर्नाली शून्य युगमा पुगेको छ तर त्यो शून्यअघि अंक थपिदिने कोही भएन। नेपालमा लोकतन्त्र आएपछि कर्नाली कोमाबाट आईसीयूमा सम्म आयो तर बेडमा अझै पुगेको छैन। गणतन्त्र आए पनि सिंहदरबारबाट कर्नाली छ्यांग देखिएको छैन।

चौलागाईं लगातार बोलिरहे: जडिबुटी बेच्दाबेच्दै गरिब हुन्छौं हामी, ऊ हाम्रै जडिबुटी बेचेर धनी। ठूलो कर्नाली लुलो भएको छ। किनभने अर्बौंको बजेको केवल ३ प्रतिशत बजेट सुँघ्न पाउँछ कर्नाली। किनभने बजेट पकाउने सरकारी भान्छामा छैनन् कर्नालीका मान्छे। किनभने हेरेर र सम्झेर मर्छन् स्वास्थ्यचौकी कर्नालीवासी। किनभने हात्तीजत्रो कर्नाली सिंहदरबारबाट हेर्दा मुसोजत्रो देखिन्छ। २२ हजार मेगावाटको सम्भावना भएको कर्नालीमा १७ मेगावाटमात्र बिजुली उत्पादन हुन्छ। नुनका, ऊनका र सुनका सम्म कथा छन्, के छैन कर्नालीमा ? स्टेजमा मित्रबहादुर जैसी आए र व्यंग्यात्मक प्रस्तुति दिए, ‘सदरमुकाम सुर्खेतमा राखिएको छ। तल सुर्खेतमै फाइल अडकएपछि माथि हुम्ला, जुम्ला, डोल्पाको विकास कसरी हुन्छ ? राजधानी सुर्खेतमा राखेर हुम्लालाई के फाइदा ?’ ‘कर्नालीलाई हुँदाहुँदा गुगलले समेत हेपेको छ, स्ट्रिट भ्यूले सारा नेपालको नयाँ दृश्य देखाउँदा कर्नालीको पुरानै छ’, उनले व्यंग्यसँगै सम्भावनाको ढोका पनि खोले, ‘विगत जे भए पनि अब कर्नालीका हरेक घर होमस्टे बनून्, हरेक डाँडा पर्यटकले भरियुन्।’

कार्यक्रम प्रस्तोता सरोज घिमिरेले कारुणिक कुरा गरे, ‘कर्नालीका पुल अनि सडक हेर्दा विकासले पनि आधा बाटोमै बसेर चिया खाइरहेछ जस्तो लाग्ने।’ उनले बोलाएपछि आए चक्र दवाडी ‘काम न काज’ लिएर। एआईसँग जिस्कन थालेपछि उताबाट मनोज गजुरेल एआई बनेर पर्दामा झुल्किए। साथमा मिसिएका रघु त्रिपाठीसमेतले कर्नालीका अनेक कुरा गरेर सयौं दर्शकलाई भरपूर व्यंग्यात्मक प्रस्तुति दिए। ‘कर्नाली छ, कर्नाली छैन’ शीर्षकको चोटिलो तर लामै कविता वाचन गरे अर्जुन पराजुलीले। शिशिर योगीले ‘कर्नाली पारी, छैन खेतबारी, रुखो छ टारी...’ बोलको गीतले सबैको ध्यान ताने।

» बाँकी पृष्ठ ६